# १६

# गोदावरी बचाउ आन्दोलन मच्चियो, मच्चियो, थच्चियो

**मोहन मैनाली**

गोदावरीका बारेमा केही वर्ष अघिसम्म नियमित रूपमा अखबारमा चर्चा हुन्थे । अदालतमा बहस हुन्थे । सरकारी र गैरसरकारी निकाय, उद्योग प्रतिष्ठानमा यसका बारेमा चिन्ता गरिन्थ्यो । कार्यदल बनिन्थे । सडकमा जुलुस र अनशनका प्ले कार्डमा गोदावरी हुन्थ्यो ।

त्यति बेला एकथरी गोदावरी मार्बल उद्योगको सत्तोसराप गर्थे । उद्योग बन्द गर्नुपर्छ भन्थे । अर्काथरी गोदावरीको विरोध गर्नेको उछित्तो काढ्थे, वातावरण संरक्षणका निहुँमा डलर खानेहरूले विकास ठप्प पार्ने भए भनेर ।

गोदावरीबाट मार्बल झिक्ने काम बन्द भयो कि ? वातावरणवादी पो हारे कि ? कहिलेकाहीँ लडाइँमा दुवैथरी विजयी हुन्छन् पनि भन्छन् मान्छेहरू । यहाँ पनि यस्तै भयो कि ? आजभोलि गोदावरी अस्तित्वमै छैन कि जस्तो भान पर्नेगरी सुनसान छ । दुई वर्षयता गोदावरीको हाल खबर आउन चटक्कै छाडेको छ ।

गोदावरीमा वातावरण बचाउने आन्दोलनको शुरुआत २०४० सालमा स्थानीय बासिन्दाहरूले नै गरेका थिए । उनीहरूले गोदावरी मार्बल उद्योगले गाउँलेहरूलाई असर पारेको छ भनेर त्यसको विरोध गर्न गोदावरी बचाउ समिति गठन गरेर मार्बल फ्याक्ट्री बन्द गर्न माग गरे ।

त्यसपछि २०४३ सालमा खुलेको नेपाल वातावरण पत्रकार समूहले आफ्नो पहिलो सार्वजनिक कार्यक्रम गोदावरीमै गरेको थियो, पत्रकारहरूको भ्रमण गराएर । २०४५ सालमा त्यस भेगका धेरै गाउँ पञ्चायतहरूले पनि मार्बल उद्योग बन्द गराउन माग गरे । त्यसको पछिल्लो वर्ष २०४५ साल वैशाखमा लिडर्स इङ्कले गोदावरी मार्बल उद्योग बन्द गरियोस् भनी सर्वोच्च अदालतमा मुद्दा हाल्यो । जन-आन्दोलनभन्दा केही अघि वन तथा भू-संरक्षण मन्त्रालयले यस सम्बन्धमा छानबिन गर्न एउटा कार्यदल पनि गठन गऱ्यो ।

*हिमाल* पुस-माघ २०५४, पृ. ४०-४१ मा प्रकाशित ।

जनआन्दोलनपछि यो क्रम अझ बढ्दै गयो। थप कार्यदलहरू गठन भए। मार्बल उद्योगविरोधी आन्दोलन खाली खुट्टा हिँड्ने गाउँलेका हातबाट सरेर शहरका चिल्ला कारमा पस्यो । वातावरणप्रति चिन्तित गैरसरकारी संस्थाहरूले मिलेर "काठमाडौँ उपत्यका वातावरण बचाउ आन्दोलन" भन्ने एउटा अनौपचारिक मोर्चाको गठन गरे । यसको छहारीमा बसेर गैरसरकारी संस्थाहरूले सरकारलाई विरोधपत्र दिई अनशन बसे। जुलुस निकाले। तर अन्त्यमा चुप लागेर बसे। २०५२ सालमा सर्वोच्च अदालतले उद्योग बन्द गर्नुनपर्ने ठहर गर्दै वातावरण संरक्षणका उपाय कार्यान्वयन गराउन श्री ५ को सरकारलाई सुझाव दिएपछि यस बाह्र वर्षे आन्दोलनको अन्त्य भयो । गोदावरी बचाउने आन्दोलन मच्चियो, मच्चियो र आखिरमा थच्चियो ।

आन्दोलनकारीहरूले चाहेको जस्तो परिणाम आन्दोलनबाट नआए पनि यसबाट केही कुरा सिक्ने मौका भने नेपालीहरूले पाए । आमसभादेखि लिएर अदालतसम्म लडिएको बाह्रवर्षे यस लडाइँले प्रत्यक्ष रूपमा निजी स्वार्थ नगाँसिएका तर सामाजिक स्वार्थका विषयहरूमा बोल्ने जो सुकैका लागि पनि धेरै ठूलो पाठ पढाएको छ ।

गोदावरी मार्बल उद्योगले गर्दा सिँचाइ गर्न अप्ठ्यारो भएकाले स्थानीय बासिन्दाहरू उद्योग बन्द गर्नुपर्छ भन्थे। गोदावरीबाहिरका मान्छेहरू काठमाडौँ शहरका मानिसहरूलाई खानेपानी खुवाउन गोदावरीको एक एक थोपा पानी संरक्षण गर्नुपर्छ भन्थे । उनीहरूका विचारमा दैनिक ४ करोड ३० लाख लिटर पानी आपूर्ति गर्ने कोड्कु खानेपानी आयोजना सफल पार्न पनि फ्याक्ट्री बन्द गर्नुपर्ने थियो । आफ्नो खेतबारी सुकाएर काठमाडौँमा मान्छेलाई पानी खुवाउन गरिने आन्दोलनलाई स्थानीय बासिन्दाले समर्थन गरिराख्ने कुनै आधार थिएन। एक आपसमा नमिल्ने स्वार्थ भएका मनिसहरूले सँगै चलाएको आन्दोलन टुङ्गोमा पुग्दैन । गोदावरीमा पनि यस्तै भयो ।

काठमाडौँका मानिसहरूले स्थानीय बासिन्दाहरूलाई के आशा देखाएका थिए भने मार्बल फ्याक्ट्री बन्द गराएपछि गोदावरी संरक्षण क्षेत्र हुन्छ। त्यसपछि पर्यटकहरू आउँछन् । गाउँलेको राम्रो आम्दानी हुन्छ । तर उनीहरूले यो कुरा पत्याएनन् । गोदावरी संरक्षण क्षेत्र हुँदा काठमाडौँका ट्राभल एजेन्सीले पर्यटकलाई घुमाउने अर्को एउटा ठाउँ बढ्न सक्दो हो। एउटा टुरिस्ट फाइदा उठाउँदो हो। तर गाउँलेले फाइदा पाउने कुरामा भने कमै मात्र विश्वास गर्न सकिन्छ । बरु मार्बल उद्योगले त केहीलाई भएपनि रोजगारी दिएको छ । आफूलाई अथवा आफ्ना मान्छेलाई घर बनाउनुपर्दा थोरबहुत गिटी मार्बल फ्याक्ट्रीले नै दिने गरेको छ। यसबाहेक सामुदायिक कामहरूमा पनि मार्बल फ्याक्ट्रीले नै सानो-तिनो सहयोग गरेको छ जुन सहयोग गाउँलेहरूले अरूबाट पाएका थिएनन् ।

२०५० सालमा गोदावरीका सम्बन्धमा राष्ट्रिय योजना आयोग अन्तर्गतको प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद्द्वारा गठित कार्यदलले गोदावरीमा आयोजना गरेको बैठकमा स्थानीय बासिन्दा र फ्याक्ट्रीका कामदारहरूले मार्बल फ्याक्ट्री बन्द गर्न खोज्ने गैरसरकारी संस्थाहरूको विरोध गरे । बैठकको माइन्यूट

च्यातिदिए । मार्बल फ्याक्ट्रीले पैसा दिएर आफ्नो विरोध गर्न मान्छे लगाएको दाबी गैरसरकारी संस्थाहरूले गरे पनि भावनामा बग्ने बाहेकका स्थानीय बासिन्दाहरू मार्बल फ्याक्ट्री हटाउँदा गोदावरी क्षेत्रमा पर्ने असरप्रति चिन्तित थिए । (...) ♦